नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

## स्याङ्जा

## E-Pension सेवा शुरुवात गरिएको सूचना

प्रकाशित मितिः २०८२/१२/१५

राष्ट्रिय किताबखाना (निजामती)ले मिति २०८२/१२/०६ गतेदेखि E-Pension सेवा सञ्चालनमा ल्याएकोले यस पश्चात अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीहरू (सुरक्षा निकाय र शिक्षक बाहेक) लाई राष्ट्रिय किताबखाना (निजामती) बाट प्रदान हुने सेवाहरू जस्तैः निवृत्तभरण अधिकारपत्र (पेन्सन पट्टा) बनाउने, औषधी उपचार रकम एकिनको पत्र जारी गर्ने जस्ता कार्यहरू जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाटै लिन सकिने व्यवस्था भएको। उपर्युक्त सेवाहरू तपसिल बमोजिमका कागजातहरू पेश गरी यस कार्यालयबाट लिन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरूः**

१. कार्यालय प्रमुखद्वारा प्रमाणित अनुसूची-१७क,
२. अवकाश/राजीनामा स्वीकृत भएको पत्रको प्रतिलिपि,
३. शुरु नियुक्ति पत्रको प्रतिलिपि,
४. निवृत्तभरण अधिकारपत्र/उपदान बनाइदिने व्यहोराको सिफारिस पत्र,
(सिफारिस पत्रमा अध्ययन बिदा, असाधारण बिदा, संचित घर बिदा र बिरामी बिदा, गयल कट्टी, विभागीय कारबाहीको व्यहोरा, बरबुझारथ, औषधी उपचार सुविधा लगायतका विवरण खुलेको हुनुपर्ने।)
५. विभिन्न पद वा श्रेणी/तहमा भएको बढुवा, स्तरवृद्धि, तह मिलानको पत्रहरू,
६. नोकरी जोडेको भए जोडेको पत्रको प्रतिलिपि।

(प्रमुख कोष नियन्त्रक)